# नेपाल सरकार
# शिक्षक सेवा आयोग
# अध्यापन अनुमतिपत्र परीक्षा - २०८१

**तह:** निम्न माध्यमिक | **सेट:** D

**पूर्णाङ्क:** १०० | **उत्तीर्णाङ्क:** ५० | **समय:** १ घण्टा

यहाँ सबै ५० वटा प्रश्न र तिनका विकल्पहरूलाई १ देखि ५० सम्म क्रमबद्ध गरी, विकल्पहरूका अगाडिको बुलेट (•/-) हटाएर र सही उत्तरलाई नीलो रङमा हाइलाइट गरेर प्रस्तुत गरिएको छ:

## सेट: D (प्रश्न १ देखि ५०)

1. शिक्षकको पेसागत सुधारका लागि कार्यमूलक अनुसन्धान (Action Research) लाई महत्वपूर्ण मानिन्छ । यस अन्तर्गत पर्ने चरण तलकोमध्ये कुनचाहिँ हो ?
   A. योजना गर्ने
   B. कार्यान्वयन गर्ने
   C. अवलोकन गर्ने
   D. शिक्षण गर्ने *सही*
   *उत्तर:* **A. योजना गर्ने**
2. अभिभावकले गुणस्तरीय शिक्षा विकासका लागि आफ्ना बालबालिकालाई ... का लागि आवश्यक सहयोग गर्नुपर्दछ । उल्लिखित खाली ठाउँमा दिएका विकल्पबाट ठीक विकल्प छान्नुहोस् ।
   A. घरमा अध्ययन गर्ने वातावरण निर्माण
   B. विद्यालयमा नियमित हाजिरी हुने वातावरण निर्माण
   C. अनलाइन प्रविधिको प्रयोग र सिकाइ
   D. सिकाइ सामग्रीको सङ्कलन र प्रयोग
   *सही उत्तर:* **A. घरमा अध्ययन गर्ने वातावरण निर्माण**
3. गुणस्तरीय शिक्षा हुनका लागि उल्लिखित अवधारणा : Learning to know, Learning to do, Learning to be र Learning to live together प्रस्तुत गर्ने आधिकारिक संस्था कुन हो ?
   A. UNESCO
   B. UNICEF
   C. Room to Read
   D. British Council

Ctevtsolution.com

*सही उत्तर*: **A. UNESCO**

4. विद्यालय तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न तलमध्ये कसको भूमिका महत्वपूर्ण मानिन्छ ?

   A. प्रधानाध्यापक

   B. शिक्षक

   C. अभिभावक

   D. माथिका सबै

   *सही उत्तर*: **D. माथिका सबै**

5. सामुदायिक विद्यालयको सामाजिक परीक्षण समितिको अध्यक्ष को रहने व्यवस्था छ ?

   A. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

   B. शिक्षक अभिभावक सङ्घको अध्यक्ष

   C. सम्बन्धित वडाको वडाध्यक्ष

   D. सम्बन्धित विद्यालयको प्रधानाध्यापक

   *सही उत्तर*: **B. शिक्षक अभिभावक सङ्घको अध्यक्ष**

6. नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा गर्ने उद्देश्य लिइएको छ ?

   A. तीव्र आर्थिक वृद्धि

   B. दिगो आर्थिक विकास

   C. समृद्ध अर्थतन्त्रको विकास

   D. आर्थिक असमानताको अन्त्य

   *सही उत्तर*: **B. दिगो आर्थिक विकास**

7. शिक्षक सेवा आयोगद्वारा सञ्चालित खुला प्रतियोगितात्मक परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई शिक्षक पदमा नियुक्ति कुन निकायले गर्छ ?

   A. शिक्षक सेवा आयोग

   B. शिक्षा विकास निर्देशनालय

   C. शिक्षा विकास तथा समन्वय इकाई

   D. स्थानीय तह

   *सही उत्तर*: **D. स्थानीय तह**

8. राष्ट्रिय शिक्षा नीति, २०७६ कुन मितिमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गरिएको थियो ?

   A. वि.सं. २०७६ भाद्र १८ गते

   B. वि.सं. २०७६ असोज १८ गते

C. वि.सं. २०७६ कार्तिक १८ गते

D. वि.सं. २०७६ मङ्सिर १८ गते

*सही उत्तर:* **C. वि.सं. २०७६ कार्तिक १८ गते**

9. समावेशी शिक्षा सबै बालबालिकाको लागि विभेदहित वातावरणमा सांस्कृतिक, वर्गीय, जातीय एवं भौगोलिक विविधतालाई सम्मान गर्दै आफ्नै समुदायमा जीवनोपयोगी शिक्षा सुनिश्चित गर्ने ... हो ।

A. शैक्षिक अवसर

B. शैक्षिक रणनीति

C. शैक्षिक पद्धति

D. शैक्षिक वातावरण

*सही उत्तर:* **B. शैक्षिक रणनीति**

10. लैङ्गिकता (Gender) तलमध्ये कुन अवधारणासँग सम्बन्धित छ ?

A. जैविक

B. सामाजिक

C. शारीरिक

D. मनोवैज्ञानिक

*सही उत्तर:* **B. सामाजिक**

11. धानको पराल भए झैं तोरीको के हुन्छ ?

A. खैट्टे

B. गँट्टे

C. लँट्टे

D. भुँट्टे

*सही उत्तर:* **B. गँट्टे**

12. ३, १ र ५ बाट बनेको सबैभन्दा ठूलो र सानो सङ्ख्याबीचको जोड कति हुन्छ ?

A. ५६६

B. ४६६

C. ७६६

D. ६६६

*सही उत्तर:* **D. ६६६**

13. शिक्षण विधिद्वारा बालबालिकामा सिर्जनाशीलता तथा सहकार्य जस्ता सिकाइगत सिप विकास गर्न ... चिन्तन आवश्यक पर्दछ ।

A. नवीन

B. खोजमूलक

C. आलोचनात्मक

D. अनुसन्धानमूलक

*सही उत्तर:* **C. आलोचनात्मक**

14. तल दिएका शब्दबीचको अन्तरसम्बन्ध पत्ता लगाई सही विकल्प छनोट गर्नुहोस् । चन्द्रमा : पृथ्वी :: पृथ्वी :

... A. तारा

B. सूर्य

C. ग्रह

D. उपग्रह

*सही उत्तर:* **B. सूर्य**

15. Which word comes first if they are written in alphabetical order?
A. Mistake
B. Missing
C. Misery
D. Mishap

*सही उत्तर:* **C. Misery**

16. कुन अवस्थामा निर्माणात्मक मूल्याङ्कन सबैभन्दा बढी प्रभावकारी मानिन्छ ?

A. कक्षा चढाउन

B. सिकाइ कठिनाइ पत्ता लगाउन

C. सिकाइमा सुधार ल्याउन

D. स्वप्रतिबिम्बन गर्न

*सही उत्तर:* **C. सिकाइमा सुधार ल्याउन**

17. विद्यार्थी सिकाइलाई सरल तरिकाबाट मूल्याङ्कन गर्नका लागि प्रयोग गरिने विधि कुन हो ?

A. छलफल

B. नाटकीकरण

C. जोडी कार्य

D. प्रश्नोत्तर

*सही उत्तर:* **D. प्रश्नोत्तर**

18. विद्यार्थीहरूको बानी व्यवहार मापन गर्नका लागि तलमध्ये कुन मूल्याङ्कनको साधन बढी प्रभावकारी मानिन्छ ?

A. लिखित परीक्षा

B. मौखिक परीक्षा

Ctevtsolution.com

C. प्रयोगात्मक परीक्षा

D. अवलोकनात्मक परीक्षा

*सही उत्तर*: **D. अवलोकनात्मक परीक्षा**

19. शैक्षिक अनुसन्धानमा सन्दर्भ सामग्री उल्लेख गर्दा दिएकमध्ये कुन शैली अनुसरण गर्नुपर्छ ?

A. American Psychological Association
B. Modern Language Association
C. American Research Association
D. Educational Research Association

*सही उत्तर*: **A. American Psychological Association**

20. तल दिएकामध्ये निर्माणात्मक मूल्याङ्कनको गुण कुनचाहिँ हो ?

A. यो सुधारात्मक तथा रचनात्मक मूल्याङ्कन हो ।

B. यो बारम्बार गरिने मूल्याङ्कन हो ।

C. यो विद्यार्थीहरूको कमीकमजोरी पत्ता लगाई सुधार गर्ने मूल्याङ्कन हो ।

D. माथिका सबै ।

*सही उत्तर*: **D. माथिका सबै**

21. शिक्षा नियमावली, २०५९ को नियम ३० अनुसार सामुदायिक विद्यालयको शिक्षक र अभिभावक सदस्य रहने गरी गठित शिक्षक अभिभावक सङ्घको कार्यकारी समितिको सदस्यको पदावधि कति समयको हुन्छ ?

A. २ वर्ष

B. ३ वर्ष

C. ४ वर्ष

D. ५ वर्ष

*सही उत्तर*: **A. २ वर्ष**

22. शिक्षकको पेसागत विकासका लागि पाठ अध्ययन (Lesson Study) मा जोड दिई सञ्चालन गरिएको परियोजनाको नाम के हो ?

A. EGRP
B. IMEN
C. BPEP
D. TECES

*सही उत्तर*: **B. IMEN**

23. विद्यालय सुधार योजनाको मूल ध्येयभित्र नपर्ने विषय तलकोमध्ये कुन हो ?

A. राम्रो विद्यालय

B. राम्रो शिक्षण

C. राम्रो सिकाइ

D. हाम्रो शिक्षक

*सही उत्तर*: **D. हाम्रो शिक्षक**

24. तालिम प्राप्त, अनुभवी र विज्ञ मेन्टरबाट सिकि मेन्टरिङ गर्दा कस्तो तरिका अवलम्बन गर्नुपर्छ ?

A. सहकार्यत्मक

B. समन्वयात्मक

C. निर्देशनात्मक

D. प्रदर्शानात्मक

*सही उत्तर*: **A. सहकार्यत्मक**

25. शिक्षकले आफ्ना शैक्षिक गतिविधिलाई आफैले अवलोकन मूल्याङ्कन गरी आफै सिकेर आफ्नो पेसागत क्षमता विकास गर्ने विधिलाई के भनिन्छ ?

A. स्व-अध्ययन

B. स्व-प्रतिबिम्बन

C. नवप्रवर्तन

D. निरन्तर सिकाइ

*सही उत्तर*: **B. स्व-प्रतिबिम्बन**

26. शिक्षकले योजना निर्माण, श्रव्यदृश्य सामग्रीको सङ्कलन, रेकर्डिङ, स्क्रिनसट जस्ता विविध कार्य गर्न र अभिलेखनका लागि उपयोगी तर कम प्रयोग गरिएको प्रोग्राम कुन हो ?

A. Microsoft word
B. Microsoft excel
C. One note
D. Microsoft power point

*सही उत्तर*: **C. One note**

27. अनुसन्धान कार्यमा प्रयोग गरिने सूचनाका स्रोतहरूमध्ये प्राथमिक स्रोत कुनचाहिँ हो ?

A. अभिलेख

B. प्रश्नावली

C. पत्रपत्रिका

D. प्रकाशित प्रतिवेदन

*सही उत्तर*: **B. प्रश्नावली**

28. तल दिएकामध्ये कार्यमूलक अनुसन्धानको विशेषता कुन होइन ?

A. यो अनुसन्धान पेसागत सुधारमा लक्षित छ ।

B. यो अनुसन्धान र कार्यबीचको तादात्म्यता हो ।

C. यो एक विशिष्ट प्रकृतिको सैद्धान्तिक अनुसन्धान हो ।

D. यो शिक्षकको कार्य सम्पादनसँग आधारित अनुसन्धान हो ।

*सही उत्तर*: **C. यो एक विशिष्ट प्रकृतिको सैद्धान्तिक अनुसन्धान हो ।**

29. कम्प्युटरमा MS WORD प्रयोग गरी COPY गरेको कुनै अनुच्छेदलाई PASTE गर्दा SHORTCUT KEY कुन हो ?

A. Ctrl+C
B. Ctrl+A
C. Ctrl+V
D. Ctrl+S

*सही उत्तर*: **C. Ctrl+V**

30. कक्षामा शिक्षण सिकाइ कार्यकलापमा प्रयोग गर्न नसकिने सूचना तथा सञ्चार प्रविधि साधन (ICT Tool) कुनचाहिँ हो ?

A. Google Classroom
B. Google Translate
C. Google Drive
D. Microsoft Teams

*सही उत्तर*: **B. Google Translate**

31. राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कअनुसार Smart Mobile मा आधारित सिकाइ स्रोत सामग्री प्रयोग गर्न सक्ने जनसङ्ख्या कति प्रतिशत रहेको छ ?

A. ९३ प्रतिशत

B. ८३ प्रतिशत

C. ७३ प्रतिशत

D. ६३ प्रतिशत

*सही उत्तर*: **C. ७३ प्रतिशत**

32. तल दिएकामध्ये लैङ्गिक समतासँग मिल्ने भनाइ कुनचाहिँ हो ?

A. लिङ्गको आधारमा हुने पहिचान,

B. महिला र पुरुषबीच समान अस्तित्व र प्रतिनिधित्व भएको अवस्था,

C. महिला पुरुषबीच कानूनी रूपमा विभेद नभएको अवस्था,

D. लैङ्गिक समानताका लागि गरिने सकारात्मक विभेद ।

*सही उत्तर*: **B. महिला र पुरुषबीच समान अस्तित्व र प्रतिनिधित्व भएको अवस्था**

33. सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सिकारुको संस्कृति र भाषामा जोड दिनुपर्ने विषयको वकालत गर्ने मनोवैज्ञानिक को थिए ?

A. Vygotsky
B. Cummins
C. Piaget

D. Cook

*सही उत्तर*: **A. Vygotsky**

34. साना कक्षाका विद्यार्थीहरूलाई उनीहरूले गरेका कामलाई प्रोत्साहित वा पुरस्कृत गर्दै जाँदा उनीहरूले त्यस्ता काम दोहोर्‍याइरहन्छन् भने यसो हुनुको पछाडि सिकाइको कुन नियम लागू हुन्छ ?

A. तत्परताको नियम

B. साहचर्यको नियम

C. प्रभावको नियम

D. अभ्यासको नियम

*सही उत्तर*: **C. प्रभावको नियम**

35. विद्यालय तहको शैक्षिक गुणस्तर सुधार र सुदृढ गर्ने साधन कुन हो ?

A. शिक्षण सुधार योजना

B. विद्यालय सुधार योजना

C. गाउँ/नगर शिक्षा योजना

D. पाठ योजना

*सही उत्तर*: **B. विद्यालय सुधार योजना**

36. लाभान्वित समुदायको नजरबाट विद्यालय शिक्षाको गुणस्तर, प्रभावकारिता र सान्दर्भिकता लेखाजोखाका लागि के गर्नु बढी उपयोगी हुन्छ ?

A. गुनासो पेटिका राख्ने

B. सार्वजनिक सुनुवाइ गर्ने

C. सरोकारवालाको सन्तुष्टि सर्वेक्षण गर्ने

D. नतिजाको अध्ययन र विश्लेषण गर्ने

*सही उत्तर*: **B. सार्वजनिक सुनुवाइ गर्ने**

37. विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने मुख्य कर्तव्य कसको हो ?

A. प्रधानाध्यापक

B. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

C. शिक्षक अभिभावक सङ्घको अध्यक्ष

D. गाउँ शिक्षा समिति अध्यक्ष

*सही उत्तर*: **A. प्रधानाध्यापक**

38. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अनलाइन विवरण प्रविष्ट (Online data entry) गर्ने दायित्व तलकामध्ये कसको हो ?

Ctevtsolution.com

A. शिक्षा तथा मानव स्रोत विकास केन्द्र

B. शिक्षा विकास तथा समन्वय इकाई

C. स्थानीय तहको शिक्षा शाखा

D. सम्बन्धित विद्यालय

*सही उत्तर:* **D. सम्बन्धित विद्यालय**

39. खाली ठाउँमा उपयुक्त विवरण भर्नुहोस् : भाषा शिक्षणका सन्दर्भमा कक्षाकोठा व्यवस्थापन गर्दा भौतिक र शैक्षिक पक्षको साथसाथै ... को व्यवस्थापनसमेत महत्वपूर्ण हुन्छ ।

A. मनोवैज्ञानिक पक्ष

B. सामाजिक पक्ष

C. सूचना तथा प्रविधि

D. भाषिक विविधता

*सही उत्तर:* **A. मनोवैज्ञानिक पक्ष**

40. तल दिएकामध्ये दैनिक पाठयोजनाको अङ्गहरूको मिल्दो क्रम कुनचाहिँ सही छ ?

A. उद्देश्य, क्रियाकलाप, शैक्षिक सामग्री, मूल्याङ्कन

B. उद्देश्य, मूल्याङ्कन, शैक्षिक सामग्री, क्रियाकलाप

C. उद्देश्य, शैक्षिक सामग्री, मूल्याङ्कन, क्रियाकलाप

D. उद्देश्य, शैक्षिक सामग्री, क्रियाकलाप, मूल्याङ्कन

*सही उत्तर:* **D. उद्देश्य, शैक्षिक सामग्री, क्रियाकलाप, मूल्याङ्कन**

41. तल दिएकामध्ये पाठ्यक्रमका तत्वहरूको उपयुक्त क्रम कुनचाहिँ हो ?

A. विषयसूची, उद्देश्य, शिक्षण कौशल र मूल्याङ्कन

B. विषयसूची, शिक्षण कौशल, उद्देश्य र मूल्याङ्कन

C. उद्देश्य, विषयसूची, शिक्षण कौशल र मूल्याङ्कन

D. उद्देश्य, शिक्षण कौशल, विषयसूची र मूल्याङ्कन

*सही उत्तर:* **C. उद्देश्य, विषयसूची, शिक्षण कौशल र मूल्याङ्कन**

42. दिएका शब्दहरूमध्येबाट खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् । बालबालिकाले बालविकास केन्द्रमा व्यतीत गर्ने समयमध्ये वर्णको सङ्केतन, विसङ्केतन र ... लेखाइ जस्ता क्रियाकलापका लागि सहजकर्ताले समय निर्धारण गर्नुपर्छ ।

A. स्वतन्त्र

B. निर्देशित

C. वर्ण

D. अक्षर

*सही उत्तर:* **A. स्वतन्त्र**

43. बहुकक्षा शिक्षणमा शिक्षकले कसरी शिक्षण गर्नुपर्छ ?

A. एक शिक्षकले एउटा कक्षालाई मात्र शिक्षण गर्ने

B. एक शिक्षकले एकैसाथ धेरै कक्षालाई शिक्षण गर्ने

C. धेरै शिक्षकले एउटै कक्षामा शिक्षण गर्ने

D. सबै शिक्षकले आ-आफ्नो विषय शिक्षण गर्ने

*सही उत्तर:* **B. एक शिक्षकले एकैसाथ धेरै कक्षालाई शिक्षण गर्ने**

44. दिएको भनाइको खाली ठाउँमा उपयुक्त विवरण छान्नुहोस् । सिकाइका क्रममा विद्यार्थीले प्राप्त गरेका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र व्यवहारको ... गरिने प्रक्रिया मूल्याङ्कन हो ।

A. निरन्तर मूल्याङ्कन

B. निरन्तर लेखाजोखा

C. निरन्तर परीक्षण

D. निरन्तर स्तरीकरण

*सही उत्तर:* **A. निरन्तर मूल्याङ्कन**

45. कक्षाकोठामा धेरै विद्यार्थी भएको तथा प्रयोगशालाको अभावको अवस्थामा विद्यार्थीलाई प्रयोगात्मक ज्ञान प्रदान गर्न तलकामध्ये कुन विधि उपयुक्त हुन्छ ?

A. छलफल

B. प्रश्नोत्तर

C. निगमन

D. प्रदर्शन

*सही उत्तर:* **D. प्रदर्शन**

46. फ्लिप कक्षा व्यवस्थापन विधि अनुसरण गर्दा सहजकर्ताले गर्नुपर्ने कार्य के हो ?

A. सहजीकरण गर्ने विषयमा आधारित रही शिक्षणपूर्व विद्यार्थीलाई अध्ययन सामग्री उपलब्ध गराउने

B. विद्यार्थीलाई सहजीकरण गरिएका विषयवस्तुमा आधारित रही परियोजना कार्य दिने

C. विद्यार्थीलाई अभिभावकको प्रत्यक्ष सहयोगमा पढाइएका विषयवस्तु अध्ययनका लागि गृहकार्य दिने

D. सिकाइलाई व्यवहारसँग जोड्नका निम्ति विद्यार्थीलाई अभ्यासमूलक कार्य दिने

*सही उत्तर:* **A. सहजीकरण गर्ने विषयमा आधारित रही शिक्षणपूर्व विद्यार्थीलाई अध्ययन सामग्री उपलब्ध गराउने**

47. शैक्षिक सामग्री छनोट र निर्माण गर्दा ध्यान दिनुपर्ने सबैभन्दा महत्वपूर्ण पक्षलाई तलकामध्ये कुनचाहिँ भनाइले प्रतिनिधित्व गर्छ ?

A. शैक्षिक सामग्री सफा, स्पष्ट र उपयुक्त साइजको हुनुपर्छ ।

B. शैक्षिक सामग्री सकेसम्म स्थानीय र स्वनिर्मित हुनुपर्छ ।

C. शैक्षिक सामग्री विद्यार्थीको रुचि, क्षमता र स्तरअनुसारको हुनुपर्छ ।

D. शैक्षिक सामग्री सकेसम्म सस्तो र टिकाउखालको हुनुपर्छ ।

*सही उत्तर*: **B. शैक्षिक सामग्री सकेसम्म स्थानीय र स्वनिर्मित हुनुपर्छ ।**

48. कक्षाकोठा व्यवस्थापन अन्तर्गत बुक कर्नर र विषयगत कुनाको व्यवस्था गर्नु तल दिएकामध्ये कुन प्रकारको व्यवस्थापन हो ?

A. स्रोतको व्यवस्थापन

B. सामग्रीको व्यवस्थापन

C. भौतिक व्यवस्थापन

D. शिक्षण सिकाइ क्रियाकलापको व्यवस्थापन

*सही उत्तर*: **C. भौतिक व्यवस्थापन**

49. प्राकृतिक तथा मानव सिर्जित विपद्को समयमा निर्धारित कार्यघण्टा र पाठघण्टामा उल्लिखित सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीलाई सहयोग गर्नका लागि तयार गरिने योजनालाई के भनिन्छ ?

A. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

B. सिकाइ आपूरण तथा शिक्षण सिकाइ योजना

C. शैक्षिक योजना

D. आपत्कालीन सिकाइ योजना

*सही उत्तर*: **A. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना**

50. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार मातृभाषा / स्थानीय विषयको छनोट गरी विद्यालयमा कार्यान्वयन गर्ने दायित्व कसको हो ?

A. स्थानीय तह

B. विद्यालय

C. जिल्ला शिक्षा समिति

D. पाठ्यक्रम विकास केन्द्र

*सही उत्तर*: **A. स्थानीय तह**

Ctevtsolution.com